# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०५।०६ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

धुलिखेल नगर कार्यपालिका, काभ्रे अन्तर्गत उद्योग विकास शाखामा कार्यरत कार्यालय सहयोगीद्वय हरि प्रसाद सुबेदी भन्ने हरि प्रसाद उपाध्याय र माधब प्रसाद कुईकेल भन्ने माधब कुईकेलले नारी समूह पोल्ट्री फार्म दर्ता गर्ने कार्यका लागी सेवाग्राहीसंग विभिन्न बहानामा घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगालबाट खटिई गएको टोलीले निजहरुलाई रु. १४,०००/- (चौध हजार) घुस रकम लिईसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज राष्ट्रसेवकहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निजहरुलाई बिगो रु. १४,०००/- (चौध हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी